स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ८ मध्यपुर थिमि भक्तपुर वैशाख ३१ , २०८२

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१ (पहिलो संशोधन - २०८२ ) सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको मापदण्ड नं.

संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, कार्यपालिकाले यो मापदण्ड संसोधन गरेको छ ।

सक्षिप्त नाम र प्रारम्भः

(१) यस मापदण्डको नाम संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१ (पहिलो संशोधन - २०८२ )

(२) यो मापदण्ड कार्यपालिकाबाट स्विकृत भै स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

मूल मापदण्डमा संसोधन दफा ७.१ थप गरि भुक्तानी प्रक्रिया सम्बन्धमा देहायका उपदफाहरू थप गर्ने

७.१ भुक्तानी प्रक्रिया :

१) नगरकार्यपालिकाबाट निर्णय भई स्वीकृत भएको वजेटको परिधि भित्र रही आधिकारिक समुह वा समितिले आफै कार्य गर्ने गरी न.पाले उक्त समुह वा समितिलाई नपाको तर्फबाट ७० प्रतिशत र सम्वन्धित समुह वा समितिबाट ३० प्रतिशत लागत साझेदारीमा हुने गरी सहयोग रकम उपलब्ध गराउन सकिने छ ।

२) नगरकार्यपालिकाबाट लागत साझेदारी सहित स्वीकृत भएको रकम मध्ये ७५ प्रतिशत रकमबाट संस्कृति संरक्षण एंव संवर्द्धनका लागि आवश्यक पर्ने जिन्सी सामानहरु खरिद गर्नुपर्ने छ र २५ प्रतिशत रकम मध्येबाट उक्त प्रविधि संग सम्वन्धित सीप सिकाई तथा तालिम संचालन गनुपर्ने छ ।

३) संस्कृति संरक्षण एवं संवर्द्धनका लागि आवश्यक पर्ने जिन्सी सामानहरुको विज्ञता जानकार सम्वन्धित समिति तथा समुह हुने भएको हुदां उक्त जिन्सी सामाग्रीहरुको सम्वन्धमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम समिति तथा समुहले आफै खरिद गरि भुक्तानीका लागि सक्कल विल भपाई सहित आवश्यक कागजातहरु नपामा पेश गर्नु पर्ने छ ।

४) तोकिएको कार्यहरु सम्पन्न भएको भनि वडा स्तरीय अनुगमन समितिबाट भुक्तानीको लागि सिफारीस गनुपर्ने छ । वडा स्तरीय अनुगमन समितिबाट सिफरीस साथ पेश हुन आएका विल भपाई तथा सम्वन्धित अन्य कागजातेहरुको मुल्यांकन गरी सोको आधारमा कार्यालयले भुक्तानी प्रक्रिया बढाउनु पर्ने छ ।

प्रमाणीकरण मिति
२०८२।०१।३१

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८२।१।२९

आज्ञाले
राम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner